प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८९८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ९८ ॥ २०८२ जेठ ०२ गते शुक्रबार (16th May 2025 Friday) Pratidin National Daily मूल्य-रु.५।-

# सबैभन्दा बढी मेचीनगरमा २२ करोड ५६ लाख रुपैयाँ बेरुजु

बिर्तामोड(प्रस) ।झापाका १५ पालिकामध्ये सबैभन्दा बढी बेरुजु मेचीनगर नगरपालिकामा रहेको पाइएको छ । महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन २०८२ अनुसार मेचीनगरमा सबैभन्दा बढी बेरुजु रहेको पाइएको हो । बुधवार महालेखा परीक्षकको कार्यालयले ६२औं वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गरेको छ । महालेखा परीक्षक तोयम रायाले प्रतिवेदन बुझाएका हुन् ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार मेचीनगर नगरपालिकामा सबैभन्दा बढी ६.११ प्रतिशत बेरुजु रहेको पाइएको हो । मेचीनगरमा २२ करोड ५६ लाख १२ हजार रुपैयाँ बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ । मेचीनगरपछि सबैभन्दा बढी बेरुजु हुने दोस्रोमा कचनकवल गाउँपालिका रहेको छ । कचनकवलमा ४.५१ प्रतिशत अर्थात ६ करोड ४३ लाख १ हजार रुपैयाँ बेरुजु रहेको छ । त्यस्तै तेस्रो स्थानमा रहेको बुद्धशान्ति गाउँपालिकामा ४.१० प्रतिशत अर्थात ६ करोड ४४ लाख ७२ हजार रुपैयाँ बेरुजु देखिएको छ । सबैभन्दा कम बेरुजु बाह्रदशी गाउँपालिकामा रहेको छ । बाह्रदशीमा ०.७२ प्रतिशत अर्थात ७५ लाख ६ हजार रुपैयाँ बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ । बिर्तामोड नगरपालिकाको ३.२४ प्रतिशत अर्थात १० करोड ५५ लाख २८ हजार , भद्रपुर नगरपालिकाको २.९८ प्रतिशत अर्थात ६ करोड ३० लाख ५६ हजार , शिवसताक्षी नगरपालिकाको १.७६ प्रतिशत अर्थात ३ करोड ९७ लाख ९७ हजार , अर्जुनधारा नगरपालिकाको ३.४४ प्रतिशत अर्थात ६ करोड ३७ लाख १९ हजार , कन्काई नगरपालिकाको २.७९ प्रतिशत अर्थात ४ करोड ४१ लाख ४२ हजार , गौरादह नगरपालिकाको १.९२ प्रतिशत अर्थात ३ करोड ९७ लाख ३८ हजार , दमक नगरपालिकाको १.२७ प्रतिशत अर्थात ४ करोड १ लाख ८ हजार , गौरीगञ्ज गाउँपालिकाको १.५२ प्रतिशत अर्थात १ करोड ९६ लाख ३७ हजार , कमल गाउँपालिकाको १.९३ प्रतिशत अर्थात ३ करोड ७७ लाख ३८ हजार , झापा गाउँपालिकाको १.०२ प्रतिशत अर्थात १ करोड १५ लाख ३१ हजार र हल्दिवारी गाउँपालिकाको ३.२१ प्रतिशत अर्थात ४ करोड ३७ लाख ३४ हजार रुपैयाँ बेरुजु रहेको छ ।

अघिल्लो वर्ष सबैभन्दा बढी बिर्तामोड नगरपालिकाको र सबैभन्दा कम झापा गाउँपालिकाको बेरुजु रहेको थियो ।

| क्र.सं. | स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजु रकम | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| ९२ | रौतामाई गाउँपालिका | उदयपुर | ११७३४४८ | १३०७२ | १.११ |
| ९३ | लिम्चुङबुङ गाउँपालिका | उदयपुर | ७०१६८५ | २४१४३ | ३.४४ |
| ९४ | अर्जुनधारा नगरपालिका | झापा | २३१७३३० | ६३७१९ | २.७५ |
| ९५ | कन्काई नगरपालिका | झापा | [illegible] | ४४१४२ | २.७९ |
| ९६ | गौरादह नगरपालिका | झापा | २०७०७५० | ३९७२८ | १.९२ |
| ९७ | दमक नगरपालिका | झापा | ३१६२२०० | ४०१०८ | १.२७ |
| ९८ | बिर्तामोड नगरपालिका | झापा | ३२५६८९९ | १०५५२८ | ३.२४ |
| ९९ | भद्रपुर नगरपालिका | झापा | २११३०१९ | ६३०५६ | २.९८ |
| १०० | मेचीनगर नगरपालिका | झापा | ३६९११६७ | २२५६१२ | ६.११ |
| १०१ | शिवसताक्षी नगरपालिका | झापा | २२५८६२८ | ३९७९७ | १.७६ |
| १०२ | कचनकवल गाउँपालिका | झापा | १४२५७२१ | ६४३०१ | ४.५१ |
| १०३ | कमल गाउँपालिका | झापा | १९५५५२५ | ३७७३८ | १.९३ |
| १०४ | गौरीगञ्ज गाउँपालिका | झापा | १२९४२९२ | १९६३७ | १.५२ |
| १०५ | झापा गाउँपालिका | झापा | ११३५२४६ | ११५३१ | १.०२ |
| १०६ | बाह्रदशी गाउँपालिका | झापा | १२१४०७६ | ७५०६ | ०.६२ |
| १०७ | बुद्धशान्ति गाउँपालिका | झापा | १२५०९३६ | ६४४७२ | ५.१० |
| १०८ | हल्दीबारी गाउँपालिका | झापा | १३६०३४८ | ४३७३४ | ३.२१ |

# भारी मात्रामा लागूऔषधसहित गौरीगञ्जबाट तीन पक्राउ



झापा(प्रस) । भारी मात्रामा लागूऔषधसहित झापाको गौरीगञ्जबाट तीनजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा दुईजना भारतीय र एकजना नेपाली रहेका छन् । बुधवार साँझ ५:३० बजे गौरीगञ्ज बजारस्थित हुलाकी सडकखण्डमा महेन्द्र चौकबाट गौरीगञ्जतर्फ आउँदै गरेको बीआर ३७ एजे ९९५२ नम्बरको मोटरसाइकललाई इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट प्रहरी निरीक्षक भुवनबाबु खड्काको कमाण्डमा खटिएको प्रहरी टोलीले शंका लागेर चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक भारत किसनगंज जिल्ला खनियाबाद ७ फुलबरिया बस्ने १९ वर्षीय मोनाजिर आलमको साथबाट बरामद भएको मोबाइलमा भारतीय नम्बर +९१९०३१७३३५९६ को ह्वाट्सएपबाट संजय नाम सेभ गरेको ९८००८१०३०० ह्वाट्सएप नम्बरमा लागूऔषध ब्राउनसुगर जस्तो देखिने भिडियो पठाएको भेटिएको थियो ।

भिडियोमा भएको लागूऔषध कहाँ छ भनी सोधपुछ गर्दा भोला ठाकुरसँग रहेको र उक्त लागूऔषध संजय राईलाई दिनु भनी पठाएको आलमले जानकारी दिएका थिए । त्यसपश्चात् खोजतलास गर्ने क्रममा साँझ ६ बजे गौरीगञ्ज चोक नजिकबाट भारत किसनगञ्ज जिल्ला खनियाबाद- ५ फत्तेपुर बस्ने ५८ वर्षीय भोला ठाकुरलाई फेला पारिएको थियो । खानतलासी गर्दा ठाकुरको कम्मरमुनि अगाडि जाइमा कालो र सेतो प्लाष्टिकमा पोको बनाई लुकाइराखेको अवस्थामा प्लाष्टिकसहित १०२.८० ग्राम ब्राउनसुगर , नाइट्राजेपाम १०० वटा ट्याब्लेट र कोडिन फोस्फेट एण्ड ट्रिप्रोलिडाइन हाइड्रोक्लोराइड सिरप २ बोतल बरामद भएको थियो ।

त्यसपश्चात् संजय राई समेतलाई खोजतलास गर्ने क्रममा साँझ ६:१५ बजे गौरीगञ्ज -३ तेलगानीमा ना १ च ९१६२ नं को कार रोकी कारभित्र बसेको अवस्थामा उनी फेला परेका थिए । दमक नगरपालिका. वडा नं. ५ बस्ने अन्दाजी ४१ वर्षीय संजय भन्ने भुपेन्द्र राईलाई फेला पारी शरीर तथा कार खानतालासी गर्दा उनको साथबाट नेपाली नगद रु. २ लाख ४३हजार ५०० , आईफोन मोबाइल २ थान, कारभित्र लागूऔषध नापतौल गर्न प्रयोग गर्ने डिजिटल तराजु फेला परेको थियो ।

नगद,मोबाइल,तराजु र उक्त कारसहित तीनैजनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गौरीगञ्जमा राखिएको प्रहरीले जनाएको छ ।

# साइबरक्राइम कसुरमा एक पक्राउ

झापा(प्रस) । टिकटकमा अश्लिल फोटो, भिडियो पोस्ट गरी विद्युतीय अपराध गरेको आरोपमा सुनसरी हरिनगरा गाउँपालिका-१ का २५ वर्षीय जुबेर आलम मियाँ पक्राउ परेका छन् । उनले वैशाख २५ गते संखुवासभाकी एक युवतीको टिकटकमा अश्लिल फोटो र भिडियो पोस्ट गरेका थिए ।

ती युवतीले प्रहरी कार्यालय संखुवासभामा वैशाख २९मा उजुरी



दिएकी थिइन् । आलमलाई इलाका प्रहरी कार्यालय इटहरी सुनसर ी सँगको समन्वयमा पक्राउ गरिएको संखुवासभाका प्रहरी निरीक्षक अभिषेक श्रेष्ठले बताए । सुनसरी इटहरी उपमहानगरपालिका-६ मा फेला पारी नियन्त्रणमा लिइएको थियो । पक्राउ परेका मियाँलाई थप अनुसन्धानका लागि बिहीवार संखुवासभा जिल्ला अदालतबाट म्याद थप गरिएको छ ।

# हावाहुण्डरीबाट घर भत्किँदा मगरको मृत्यु



झापा(प्रस) । झापाको हल्दिवारीमा हावाहुण्डरीबाट घर भत्किँदा एकजनाको मृत्यु भएको छ ।

बुधवार राति अन्दाजी ११:५० बजे आएको हावाहुण्डरीले हल्दिबारी गाउँपालिका वडा न.५ त्रिबेणी चोक बस्ने ६५ वर्षीय मानबहादुर मगरको आफ्नै घर भत्किएर मृत्यु भएको हो । टिनको छाना भएको टाँडेघरमा सुतिरहेकोमा हावाहुण्डरीले घर भत्काई घरको बिमले थिचिरहेको अवस्थामा स्थानीयले देखेर बाहिर निकाली हेर्दा उनको मृत्यु भइसकेको थियो ।

राति १२.३० बजे अस्थाई प्रहरी चौकी कन्चनश्रीमा जानकारी प्राप्त हुनसाथ प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । जिल्ला प्रहरी कार्यालय झापाबाट टोली पुगेर कानुनी प्रक्रिया पूरा गरेको डीएसपी खगेन्द्र खड्काले जानकारी दिए ।

# विपदपीडितका लागि झापा गाउँपालिकामा आश्रय स्थल बन्ने

कुमरखोद(प्रस) । विपदमा परेका पीडितका लागि झापा गाउँपालिकामा आश्रय स्थल बन्ने भएको छ । झापा गाउँपालिका वडा नं २ वालुवाटारधाममा आश्रय स्थल निर्माण हुने भएको हो । गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले आश्रय स्थलको बिहीवार शिलान्यास गरेकी छन् । सो आश्रय स्थल झापा गाउँपालिका , ह्याविट्याट फर नेपाल र सहारा नेपालको त्रिपक्षीय सहयोगमा बन्न लागेको हो । झापा गाउँपालिकाको ६ लाख १२ हजार ९५० , ह्याविट्याट फर नेपालको ६ लाख ३७ हजार ५००



रुपैयाँको आर्थिक सहयोग तथा सहारा नेपालको प्राविधिक सहयोग रहने सहारा नेपालका कर्मचारी खड्ग नेपालले बताए । उनले उत्थानशील समावेशी दिगो पूर्वी नेपाल कार्यक्रमअन्तर्गत वडा स्तरीय विपद व्यवस्थापन समितिको आश्रय स्थल बन्न लागेको बताए । उनले उक्त भवनको लम्वाई ४५ फुट, चौडाई ३० फुट र उचाई ४.५ फुट रहने जानकारी दिए । आश्रय स्थल बनेपछि झापा गाउँपालिकाको वडा नं २ को वालुवाटार , कुवाडी , सिर्जनावस्ती , सुँगाबथान लगायतका क्षेत्रका प्रभावित घरपरिवारलाई विपदको बेला सुरक्षित बस्नको लागि सुविधा मिल्ने कार्यवाहक अध्यक्ष थपलियाले बताइन् । आश्रय स्थल निर्माण गर्नका लागि झापा गाउँपालिका वडा नं २ सडकवारी बस्ने समाजसेवी मोहन बस्नेतले ९ लाख रुपैयाँ पर्ने १ कठ्ठा १० धुर जग्गा विपद व्यवस्थापन समितिलाई प्रदान गरेका छन् । वडा नं २ का अध्यक्ष हिमालकुमार चम्लागाईको अध्यक्षता भएको कार्यक्रममा प्रमुख अतिथि कार्यवाहक अध्यक्ष थपलिया , नेपाली कांग्रेसका क्षेत्रीय सभापति जयनारायण शाह , विश्व हिन्दु परिषद झापा गाउँपालिका अध्यक्ष ज्ञाननाथ उप्रेती , न्यायिक समिति सदस्य राजकुमार कोच , जनप्रतिनिधि मोहनकुमार राजवंशी , बबिता परियार , योगगुरु पुष्पवहादुर खड्कालगायतको उपस्थिति रहेको थियो ।

डा. प्रेम ब. शाही, MS, FISS
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

डा. दिपायन पाण्डे, MD
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

डा. आलोक झा, MD
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

डा. केशव कु. मण्डल, MD
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

डा. अच्युत भक्त आचार्य, MD, DM
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

डा. विवेक कट्टेल, MD, FRCI
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

डा. निशान भुर्तेल, MD, DM
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

डा. धर्मागत भट्टराई, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. उत्कर्ष कार्की, MD, DM
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

डा. सन्तोष मिश्र, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

डा. दिलिप न्यौपाने, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. पुरूषोत्तम पराजुली, MS, MCh
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

डा. अपार पोखरेल, MS, FIPE
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

डा. हरिशंकर प्र. यादव, MD, FIEM
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# सशस्त्र प्रहरी बलले थाल्यो मनसुन पूर्वतयारी

झापा(प्रस) । सशस्त्र प्रहरी बल नेपालले मनसुनजन्य विपद् न्यूनीकरण तथा उद्धारका लागि आफ्नो तयारी थालेको छ । यसका लागि देशभरि नै विपद् जनचेतना रेस्पोन्स पट्रोल शुरु गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

जसअनुसार टोलटोलमा विपद् सूचक राख्ने, सशस्त्र प्रहरीका सबै युनिटमा विपद् व्यवस्थापनका आधार भूत सामानको व्यवस्थापन गर्ने, विपद् सम्बन्धी अनुशिक्षण तथा अभ्यास संचालन गर्ने तय भएको सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

अघिल्ला वर्षहरुमा भएको विपद्का घटनाहरुलाई विश्लेषण गर्दै आगामी दिनमा हुनसक्ने जोखिम न्यूनीकरणका लागि अवलम्वन गर्नुपर्ने उपायका बारेमा प्रधान कार्यालय हलचोकमा छलफल समेत भएको थियो । उपत्यकाका सबै युनिट कमाण्डर तथा फिल्डमा खटिने सिनियर, जुनियर अधिकृत तथा अन्य दर्जा समेतको सहभागितामा छलफल गर्दै फिल्डमा खटिँदा भोगेका अनुभव र समस्या तथा नयाँ रणनीतिको बारेमा पनि छलफल गरिएको छ । विपद् सूचक अन्तर्गत आफ्ना पूर्व कर्मचारी समेत यसमा सहभागी गराउँदै वडा-वडामा सचेतना मूलक कार्यक्रम गर्ने उनको भनाइ छ ।

यसबाट विपद्को बारेमा तत्काल सूचना प्राप्त गर्न सकिएमा छिटो भन्दा छिटो उद्धारका कार्यमा खटिन सक्ने विश्लेषण गरिएको छ । यसकासाथै अब प्रत्येक दर्जाको आधारभूत तालिममा अनिवार्य रुपमा १५ दिनको विपद् व्यवस्थापन तालिम संचालन गरिने लक्ष्य समेत सशस्त्र प्रहरी बलको छ । सशस्त्र प्रहरीका युनिटमध्ये विपद् व्यवस्थापन साधनश्रोत सम्पन्न, कम साधनश्रोत भएका र नभएका गरी ३ तहमा विभाजन गरेर साधनश्रोत नभएका युनिटमा तत्काल आधारभूत सामग्री व्यवस्थापन गरिने जनाइएको छ ।

मनसुनजन्य प्रकोप न्यूनीकरण र उद्धारको स्पष्ट खाका तयार भएसँगै सबै बाहिनीपति, गणपति तथा गुल्मपतिसम्मलाई भर्चुअल माध्यमबाट त्यस सम्बन्धी आवश्यक निर्देशन समेत दिइने थापाले बताए । विपद् व्यवस्थापनमा विगतको अनुभव, सुधार्न गर्नुपर्ने विषयहरु र आगामी योजना सम्बन्धमा भएको छलफलमा फिल्डमा खटिने कमाण्डर तथा अन्य दर्जाले समेत उद्धारका अनुभव र पूर्व तयारीबारे आ-आफ्नो धारणा राखेका थिए ।

सशस्त्र प्रहरी बलको हाल कुरिनटारमा विपद् व्यवस्थापन तालिम शिक्षालय तथा काठमाडौँको उपत्यकामा विपद् व्यवस्थापन गण रहेको छ । यसैगरी धनकुटाको मुलघाट, बाराको निजगढ, धादिङको आदमघाट, सिन्धुलीको खुर्कोट, मकवानपुरको कुलेखानी, म्याग्दीको नारच्याङ, दाङको भालुवाङ, सुर्खेतको चिप्ले र डडेलधुराको अमरगढीमा विपद् व्यवस्थापन वेश स्थापना भएका छन् ।

हाल सशस्त्र प्रहरी बलसँग विपद् व्यवस्थापन तालिमप्राप्त जनशक्ति २ हजार ४ सय ८५ जना छन् भने गोताखोरको संख्या १ सय ८ पुगेको छ । यस्तै ३३ मोटरबोट तथा ९१ र्‍याफ्टबोट रहेको छ । मनसुन प्रतिकार्यको लागि सशस्त्र प्रहरी बल नेपालको १३ वटा डोजर, लोडर र एक्जाभेटरसहित तालिमप्राप्त जनशक्ति तयारी छ । जसमध्ये सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा ३ वटा, नं. १ बराह बाहिनी मुख्यालय सनुसरीमा २ वटा, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतमा १ वटा, नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीमा ३ वटा, नं. २० विपद् उद्धार उपत्यका गण सिनामंगलमा १ वटा र नं. २४ कालिका गण कास्कीमा २ वटा हेभी इक्युपमेन्ट तयारी हालतमा राखिएको छ ।

यसैगरी देशका ३९ जिल्लाका ५९ वटा सशस्त्र प्रहरी बल नेपालका युनिटहरुमा १ सय २४ वटा मोटर बोट र र्‍याफ्ट बोट तथा १३ जिल्लाका १५ वटा सशस्त्र प्रहरी बल नेपाल कार्यालयहरुमा २८ वटा डिजास्टर रिलिफ सिस्टम (डिआरएस कन्टेनर) समेत तयारी हालतमा राखिएको छ । त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरी, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत, ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार र नं. २० विपद् उद्धार उपत्यका गण सिनामंगल १/१ वटा विपद् सामूहिक उद्धार एम्बुलेन्स राखिएको छ ।

त्यस्तै ए क्लासको एम्बुलेन्स सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरी, नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेत, ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली, नेपाल एपीएफ अस्पताल बलम्बु, क्षेत्रीय अस्पताल बाँके र विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा १/१ वटा राखिएको छ ।

१ सय ८ जना गोताखोरहरुलाई आवश्यक उपकरणसहित सात वटै प्रदेशमा रहेका बाहिनी मुख्यालयहरु तथा सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यकास्थित नं. २० विपद् उद्धार गण सिनामंगल, विपद् व्यवस्थापन वेश खुर्कोट र सिन्धुलीमा तैनाथ गरिएको छ ।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयहरु, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यकास्थित नं. २० विपद् उद्धार गण सिनामंगल, रेस्क्यु टावर फेवाताल कास्की, नारायणी नदि किनार चितवन र सबै विपद् व्यवस्थापन वेशमा विपद् व्यवस्थापन तालिमप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु परिचालित रहेका छन् ।

## मोहन बस्नेतको सांसद पद निलम्बन



झापा(प्रस) । मोहनबहादुर बस्नेत सांसद पदबाट निलम्बित भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार बस्नेतसहित १६ जना व्यक्ति र दुई कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेसँगै बस्नेत सांसदबाट निलम्बित भएका हुन् ।

भ्रष्टाचार निवारण ऐनको दफा ३३ मा भ्रष्टाचार मुद्दा दायर भएपछि सांसद पद स्वतः निलम्बन हुने व्यवस्था छ । बस्नेत २०७९ मा भएको निर्वाचनमा सिन्धुपाल्चोक-२ का प्रत्यक्ष निर्वाचित कांग्रेस सांसद हुन् ।

## पूर्वीनाकामा घट्दै पर्यटक, भित्रिनेभन्दा बाहिरिने बढी

**लक्ष्मी उप्रेती**

मेचीनगर । स्थलमार्ग हुँदै पूर्वीनाका काँकरभिट्टाबाट नेपाल भित्रिने तेस्रो मुलुकका पर्यटकको संख्या सन् २०२५ को पहिलो चार महिनामा घट्दो क्रममा छ । साथै काँकरभिट्टा नाका भएर नेपाल छिर्नेभन्दा नेपाल छाड्ने बढी छन् ।

अध्यागमन कार्यालय काँकरभिट्टाका अनुसार सन् २०२५ को जनवरीदेखि अप्रिल महिनासम्मको तथ्याङ्कलाई हेर्दा हरेक महिना नेपाल प्रवेश गर्ने पर्यटकको संख्या ओरालो लागेको छ । चार महिनामा चार हजार तीनसय एकाउन्न जना तेस्रो मुलुकका पर्यटक नेपाल भित्रिएका छन् । सोहि अवधिमा चार हजार छ सय ६१ जनाले काँकरभिट्टा नाका भएर नेपाल छाडेको अभिलेखले देखाएको छ । नेपाल प्रवेश गर्नेभन्दा छाड्नेको सख्या तीनसय १० ले बढी हो ।

कार्यालय प्रमुख तुलसी भट्टराईका अनुसार जनवरीमा काँकरभिट्टा नाका भएर एक हजार पाँचसय २८ जना पर्यटक नेपाल प्रवेश गरेका थिए । लगत्तै फेब्रुअरीमा त्यो संस्था घटेर एकहजार एकसय ५४ मा झ्रयो । जनवरीको तुलनामा फेब्रुअरीमा नेपाल आउने पर्यटकको संख्या तीनसय ७४ जनाले कम हो । यसैगरी मार्च महिनामा यो नाका भएर नेपाल प्रवेश गर्नेको संख्या निक्कै कम छ । नौसय ४५ जना नेपाल घुम्न आएको कार्यालयको अभिलेखमा छ । जनवरीको तुलनामा पाँचसय ८३ र फेब्रुअरी महिनाको तुलनामा दुईसय नौ जनाले कमी हो । यसले पनि हरेक महिना नेपाल प्रवेश गर्ने पर्यटकको संख्यामा गिरावट आएको पुष्टि हुने कार्यालय प्रमुख भट्टराईले बताए । अप्रिल महिनामा सात सय ४३ जना यो नाका भएर नेपाल घुम्न आएका थिए ।

भारत-पाकिस्तानबीच तनाव बढेका बेला नेपाल-भारतको सीमावर्ती क्षेत्रमा कडाइ गरिएको छ । नेपाल- भारतबीच रहेको खुल्ला सिमानाका कारण सीमावर्ती क्षेत्रबाट घुसपैठ हुन सक्ने आशंकासहित सुरक्षा व्यवस्था कडा पारिएको हो । यसले पर्यटक आगमनको कुनै असर नपरेको अध्यागमन कार्यालयको भनाई छ । भारतको काश्मिर राज्यस्थित पहलगाममा एक नेपालीसहित २७ जनाको आतंकवादीहरुले हत्या गरेपछि उत्पन्न घटनाक्रमलाई मध्यनजर गरी पर्सा प्रहरीले थप सतर्कता बढाएको छ । आतंकवादी हमलापछि दुई छिमेकी राष्ट्र भारत र पाकिस्तानबीच उत्पन्न विवादले एक अर्का देशका नागरिकलाई देश निकाला गरिरहेको अवस्थामा भारत भएर नेपालभित्र पाकिस्तानी नागरिकले प्रवेश गर्न सक्ने स्थितिको आकलन गरी स्थानीय प्रशासनले थप सतर्कता अपनाएको हो ।

'अहिलेको सिजन भनेकै पर्यटक कम आउने हो ' कार्यालय प्रमुख भट्टराईले भने–' त्यसकारण पनि हरेक महिना पर्यटक आउने क्रम घट्दो अवस्थामा छ ।' कोरोना महामारीपछि भारतले कुनै कारण नखुलाई काँकरभिट्टाको सीमावर्ती भारतीय नाका पानीट्याङ्कीबाट तेस्रो मुलुकका पर्यटकलाई नेपाल प्रवेश गर्न अनुमति दिएको थिएन । भारतीय अवरोधका कारण लामो अवधिदेखि पूर्वीनाकाबाट स्थलमार्ग हुँदै पर्यटक नेपाल आउन पाएका थिएनन् । सन् २०२४ को अगस्त १ तारिखबाट मात्र भारतले पानीट्याङ्की नाका पर्यटकका लागि खुला गरेको थियो ।

'कोरोना महामारी सकिएपछि नाकामा व्यापारिक कारोबार खुला भए पनि पर्यटकका लागि भारतीय अवरोध कायमै रह्यो', नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टस् (नाट्टा) कोशी प्रदेश समितिका पूर्वअध्यक्ष उदयकुमार श्रेष्ठले भने–' नाका खुला भएपनि अहिले अफ सिजन भएकाले पर्यटकको आगमन कम भएको हो ।' नेपाल भित्रने अधिकांश पर्यटक भारतको दार्जिलिङ, सिक्किम हुँदै नेपाल आउने यहाँका पर्यटन व्यवसायीहरु बताउँछन् । 'दार्जिलिङ र सिक्किम घुम्न आएका बेला एक पटक नेपाल भन्ने मनस्थिति पर्यटकमा देखिन्छ,' श्रेष्ठ भन्छन् ।

यसैगरी यो चार महिनाको अवधिमा काँकरभिट्टा नाका भएर जनवरीमा एकहजार नौसय ४०, फेब्रुअरीमा एकहजार ३८, मार्चमा एकहजार २२ र अप्रिल महिनामा छ सय ६१ जनागरी कुल चार हजार छ सय ६१ जना बाहिरिएका थिए । कोशी प्रदेश सरकारले २०८२ साललाई 'कोशी पर्यटन वर्ष' मनाउने घोषणा गरेको छ । कोशी प्रदेश सरकारले १५ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित वि.स. २०८२ लाई 'कोशी पर्यटन वर्ष २०८२' घोषणा गरेर सुस्ताउँदै गएको कोशी प्रदेशको पर्यटन क्षेत्रलाई चलायमान बनाउन खोज्नु आफैमा सुखद पक्ष हो । त्यसमा पनि पर्यटन व्यवसायीहरुका लागि त झनै खुशीको कुरा हो । तर, यसरी हरेक महिना पर्यटकको संख्यामा कमी आए यसको असर 'कोशी पर्यटन वर्ष २०८२' मा पर्ने हो कि भन्ने चिन्तासमेत छ । पर्यटन वर्ष २०८२ मा भारत, चीन, बङ्गलादेश र भुटानका पर्यटक कोशी प्रदेशमा भित्र्याउने प्रदेश सरकारले लक्ष्य लिएको छ ।

## बिद्युतको तार खसेर करेन्ट लाग्दा घटनास्थलमै मृत्यु



झापा(प्रस) । धनकुटामा बिद्युतको तार खस्दा करेन्ट लागेर एकजनाको घटनास्थलमै मृत्यु भएको छ । बिहीवार दिउँसो ३ बजे धनकुटा नगरपालिका -८ शिवबेसी बस्ने ६८ वर्षीय मंगलसिंह राई खेतमा धान गोड्ने क्रममा अचानक बिद्युतको तार खसेर करेन्ट लाग्दा घटनास्थलमा नै मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय धनकुटामा जानकारी प्राप्त हुनासाथ प्रहरी टोली खटिएर अनुसन्धान भइरहेको जनाइएको छ ।


## अरिदमन गणका सैनिकले गरे आत्महत्या

झापा(प्रस) । चारआली ब्यारेकस्थित अरिदमन गणका एकजना सैनिकले झुन्डिएर आत्महत्या गरेका छन् ।

अरिदमन गणमा कार्यरत प्यूठ रामकुमार पौडेलले बिर्तामोड बसपार्कस्थित होटल भैरवीमा बिहीवार साँझ झुन्डिएर आत्महत्या गरेका हुन् । ओखलढुङ्गा घर भएका उनले अर्जुनधारा ११ स्थित नयाँ बसपार्कको भैरवी होटलमा झुण्डिएर आत्महत्या गरेका हुन् ।होटलको दोस्रो तलामा पंखामा उनी झुन्डिएको जनाइएको छ ।

घटनाको जानकारी पाएपछि प्रहरी टोली घटनास्थलमा पुगेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए । आत्महत्या गर्नुअघि ती सैनिकले फेसबुकमा सुसाइड नोट लेखेको बताइएको छ ।

## कुकुरले टोकेपछि कुकुरधनीलाई खुकुरी प्रहार



झापा(प्रस) । पाँचथरको मिक्लाजुङमा एक व्यक्तिले आफ्नी श्रीमतीलाई कुकुरले टोकेपछि आक्रोशित हुँदै कुकुरधनीमाथि नै खुकुरी प्रहार गरेका छन् । बुधवार बिहान १० बजे मिक्लाजुङ गाउँपालिका -३ देवीथान गैरीगाउँ बस्ने ५४ वर्षीय ललितबहादुर राईको कुकुरले छिमेकी ५४ वर्षीय सन्तबहादुर राईकी श्रीमती ४५ वर्षीया चन्द्रमाया मगर(राई)लाई टोकेको थियो । सोही बिषयमा विवाद हुँदा दिउँसो ४.३५ बजे सन्तकुमारले ललितबहादुरको टाउकोमा खुकुरी प्रहार गरेका हुन् ।

टाउकोमा गहिरो चोट लागेर बोल्न नसक्ने गम्भीर अबस्थाका ललितबहादुरलाई उपचारको लागि झापातर्फ ल्याइएको छ । खुकुरी प्रहार गर्ने सन्तकुमारलाई खुकुरीसहित प्रहरी चौकी दशमी बजारले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## धनकुटा प्रहरीको नयाँ भवन उद्घाटन

झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय धनकुटाको नवनिर्मित भवन उद्घाटन भएको छ । प्रहरी महानिरीक्षक दीपक थापाले उक्त नवनिर्मित भवनको उद्घाटन गरेका हुन् ।

संघीय सरकारको विनियोजित १२ करोड बजेट बाट निर्मित भवनको प्रहरी महानिरीक्षक दीपक थापाले एक समारोहका साथ उद्घाटन गरेका हुन् । नेपाल सरकारको नियमित बजेटबाट जिल्ला प्रहरी कार्यालय धनकुटाको नवनिर्मित भौतिक संरचनाहरूमा कार्यालय, हिरासत भवन, ब्यारेक भवन, कार्यालय प्रमुख आवास , सिनियर प्रहरी आवास, भान्सा घर तथा शौचालय, स्नान घरलगायत छन् ।

उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी उपरीक्षक शरदकुमार थापा, प्रमुख जिल्ला अधिकारी टुवराज पोखेल, उच्च अदालत विराटनगर धनकुटा इजलासका मुख्य न्यायाधीश देशबहादुर सार्की, जिल्ला न्यायाधीशलगायतको उपस्थिति थियो ।


## राहदानी हरायो

निम्न ब्यहोराको राहदानी दमकबाट चारपाने आउने क्रममा २०८१/१०/१२ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

सम्पर्क : सुजता चुडाल
PA–1629314
ठेगाना: अर्जुनधारा न.पा.-५, झापा
मो: ९८१६०१४११२


5/14/25, 3:30 PM notice-period-for-15-days-view

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा, झापा
कोशी प्रदेश, नेपाल

प.सं. ०८१/०८२
च.नं. ९६९५

मिति: २०८२-०२-०१

संधियारको नाममा जारी भएको १५ दिने सूचना बारे

श्री ..................................................

कनकाई नगरपालिका वडा नं. ८ कि.नं. ५४१९ क्षेत्रफल ००-००-११.५ विघा—कट्ठा—धुर (ज.वि) मा तपसिलको विवरणमा भए बमोजिमको इटा, ढुंगा, सिमेन्ट जोडाइ गरी बनाउने पुरानो घरको नक्सा पास गरी पाउँ भनी कनकाई-८ लक्ष्मीपुर, झापा बस्ने श्री सन्ध्या झा ले दिएको निवेदन अनुसार निवेदकको पक्की पुरानो घर नक्सा पास गरी दिँदा साँध संधियारहरुलाई कुनै पिर मर्का पर्छ ? आफूलाई पिर मर्का परी हानी नोक्सानी हुने भए सो सूचना तपाईले पाएको वा घर दैलोमा टाँस भएको मितिले १५ दिनभित्र दरखास्त साथ उजुर गर्न आउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ३१ (क) दफा २८ बमोजिम यो सूचना जारी गरिएको छ । म्यादभित्र कसैको उजुर पर्न नआएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ नियम बमोजिम नक्सा पास भई जानेछ र पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

साँध/संधियारहरु

| दिशा | छाडेको आफ्नो जग्गा | | कि.नं. | नाम | कैफियत |
|---|---|---|---|---|---|
| पूर्व | ४१ | फिट | ५४१८ | ज्ञान बहादुर दाहाल | |
| पश्चिम | ५८ | फिट | | बाटो | |
| उत्तर | ३५ | फिट | | बाटो | |
| दक्षिण | ६० | फिट | २०८९ | हरिशरणा भट्टराई | |

तपसिल घर कम्पाउण्डवाल नाप

| विवरण | लम्बाई ( फिट ) | चौडाई ( फिट ) | उचाई ( फिट ) | तला संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | ३३.१६ | २९.५ | १०.४१ | भुईं तला | |
| | ३४.१६ | २९.५ | १०.४१ | पहिलो तला | |
| | ३४.१६ | २९.५ | १०.४१ | दोस्रो तला | |

नोट : निर्माणकर्तालाई सूचना टाँस भएको मितिले १६ औं दिनमा वडा कार्यालयमा सम्पर्क राख्नु हुन र स्वीकृति पत्र लिनुपूर्व निर्माण कार्य गरेमा प्रचलित ऐन बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

तयार गर्ने — सब-इन्जिनियर

नक्सा शाखा प्रमुख — इन्जीनियर कौशल हुमागाँई

बोधार्थ :
१. श्री वडा कार्यालय, वडा नं. ८ : कुनै प्रतिक्रिया भए जनाइदिनु हुन अनुरोध छ ।
२. निवेदक श्री सन्ध्या झा जानकारीको लागि ।

103.167.229.136:8082/EBPS/Application/#/user/forms/notice-period-for-15-days-view 1/1


बिर्तामोड नगरपालिकाको

अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बिजुली किन जान्छ ?

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई संझेर हितेन्द्रदेव शाक्यलाई गाली गर्नु मनासिव होइन। तर, कुलमान गएपछि पटक पटक विजुली गइरहँदा हितेन्द्रदेवले गाली खानु स्वाभाविक पनि हो। बिहीबार पटक–पटक बिजुली गएर आजित भएपछि सर्वसाधारणले सामाजिक सञ्जालमा असन्तुष्टि पोखेका छन्। कतै पुरानै लोडसेडिङका दिन फर्किने त होइन भन्दै सर्वसाधारणले सामाजिक सञ्जालमा आक्रोश पोखेका हुन्। पछिल्ला दिनमा यसअघि लामो समयसम्म बिजुली नगएको उनीहरूको तर्क छ। तर, बिहीवार घन्टौंसम्म बिजुली गएपछि चिन्तित बनाएको उनीहरूको भनाइ छ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजा भाइ सिल्पाकारले भारतमा समस्या हुँदा नेपालमा बिजुली गएको बताए। उनले भारतमा देखिएको समस्याले ढल्केबरस्थित सिस्टममा खराबी आएको बताए।

'हाम्रो सिस्टम गएर धेरै ठाउँमा बिजुली गएको हो। अहिले सिस्टम रिस्टोर भइसकेको छ। बिजुली पनि आइसकेको होला,' उनले भने।

नेपाल विद्युत् प्राधिकरणले ४ सय केभी अन्तरदेशीय ढल्केबर–मुजफ्फरपुर प्रसारणलाइनको भारतखण्डमा समस्या आउँदा १ घण्टा अवरुद्ध भएको जनाएको छ। प्रणालीमा समस्या आएपछि प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य भारप्रेषण केन्द्र पुगेका थिए।

उनले गृड महाशाखाका प्रमुख विनोद लोहनीलाई समेत तत्काल समस्या समाान गर्न निर्देशन समेत दिए। शाक्यले प्राविधिक समस्या भएकाले लोडसेडिङमा नजोड्न समेत आग्रह गरेका छन्।

'प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले ढल्केबर गृड महासाखाका प्रमुख बिनोद लोहनीलाई निर्देशन दिइ समस्या समाधानका लागि अग्रसरता लिनु भएको छ, यो बिसुद्ध प्राबिधिक समस्या हो त्यसैले यसलाइ लोडसेडिङसँग जोड्ने कुरा गलत हो,' सचिवालयले भनेको छ, 'समस्या समाधानपश्चात् हाल लाइन सुचारु भएको छ।'

केही दिनदेखि विजुली नियमित छैन। दिनमा दर्जनौं पटक विजुली जान्छ। त्यसकारण हितेन्द्रदेवले प्राधिकरण राम्ररी चलाउने हो भने विजुली जाने समस्या चाँडो हल गर्नुपर्छ। नत्र कुलमान संझेर हितेन्द्रदेवलाई जनताले गाली गरिरहन्छन्। हितेन्द्रदेवका कारण सरकार नै असफल बन्न सक्छ।




# सामुदायिक शिक्षा सुधार अभियान



• प्रेमनारायण भुसाल

नेपालमा विद्यालय तहको शिक्षा संस्थागत र सामुदायिक गरी दुई किसिमले सञ्चालित छ। यद्यपि सामुदायिक र संस्थागत दुवै विद्यालयले केन्द्रीकृत एउटै पाठ्यक्रम लागु गरेका छन्। निजी लगानीका विद्यालय कम्पनी ऐन अन्तर्गत रहेकाले सेवा सँगसँगै उनीहरूको मूल उद्देश्य शिक्षामा लगानी गरी नाफा आर्जन गर्नु हो भने सामुदायिक विद्यालय नितान्त सरकारी रकमबाट सञ्चालित छन् र उनीहरू नाफारहित सेवामुखी संस्थाका रूपमा रहेका छन्। तुलनात्मक रूपमा हेर्दा एकाध विद्यालयलाई छोडेर संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका भौतिक संरचना अब्बल छन्।

खेलमैदान, विद्यालय भवनलगायतका पूर्वाधार सामुदायिक विद्यालयमा राम्रै देखिन्छन् भने संस्थागत विद्यालय खेलमैदानकै अभावमा र तलामाथि तला थपेर सानो क्षेत्रमा सञ्चालन भएका छन्। सामुदायिक विद्यालयमा शिक्षक सेवा आयोगद्वारा परीक्षा लिई उत्तीर्ण भएका योग्य शिक्षकको व्यवस्था गर्ने प्रावधान रहेको छ। यद्यपि शिक्षक सेवा आयोगले समयमा कार्यसम्पादन गर्न नसक्दा र विद्यालय शिक्षामा राजनीतिक हस्तक्षेप बढ्दा एउटै कार्यक्षेत्रमा १७-१८ थरी शिक्षक सिर्जना भएका छन्। पछिल्लो समय शिक्षक महासंघको आन्दोलनमा यिनै असन्तुष्टि आकांक्षा र माग सम्बोधन गर्ने उद्देश्यले लाखौँ शिक्षक होमिएका थिए। आन्दोलन शिक्षकका पेसागत माग पूरा गर्ने उद्देश्यमा केन्द्रित रहेको थियो। विडम्बना नै भन्नु पर्छ ती मागमा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने विषयले भने प्रविष्टि पाएको थिएन। यस अर्थमा शिक्षकको प्रत्यक्ष सरोकार शैक्षिक गुणस्तर र शिक्षा सुधारका लागि हुन्छ भन्ने भाष्य स्थापित गर्न सकेन।

नेपालमा अभिभावकका तर्फबाट बहस पैरवी गर्ने सशक्त संस्थाको अभाव भएकै कारण विद्यार्थीलाई साधन बनाएर आफ्ना माग पूर्ति गर्ने प्रवृत्ति बढ्न थालेको छ। सामुदायिक विद्यालय सञ्चालनका लागि विद्यालय सञ्चालक समिति गठन गर्दा वास्तविक अभिभावकको प्रतिनिधित्व हुन गई शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको थियो। यसले केही विद्यालयमा सुधार पनि देखा पर्‍यो तर वास्तविक अभिभावकको प्रतिनिधित्व नहुने र राजनीतिक चलखेल बढ्ने गरेकाले धेरै ठाउँमा विद्यालय व्यवस्थापन समिति नै विद्यालय सुधारको बाधक बन्ने गरेको समेत देखिएको छ। शिक्षा क्षेत्रमा देखिएका यी तमाम विकृति र विसङ्गतिलाई चिरफार गर्न सशक्त शिक्षा ऐनको आवश्यकता महसुस गरिएको छ।

शिक्षा ऐन प्राप्त होस् भनी शिक्षकले करिब एक महिनासम्म सशक्त आन्दोलन र हडताल गरेपछि असार १५ गतेभित्रै शिक्षा ऐन जारी हुने आश्वासन प्राप्त भएको छ। यसलाई उपलब्धिकै रूपमा लिनु पर्छ तर शिक्षा ऐन वास्तवमा नेपालको सामुदायिक शिक्षा सुधारका लागि आउने हो वा व्यापारिक प्रतिष्ठानका निहित स्वार्थपूर्तिका लागि मात्र वैधानिक साधन बन्ने हो भन्ने कुरामा भने स्पष्ट हुन सकिएको छैन। ऐन पारित गर्नका लागि विषय समितिले द्रुत गतिमा छलफल अगाडि बढाएको र चालु संसद्बाटै ऐन पारित गर्नुपर्ने समझदारीसमेत भइसकेकाले ऐन आउने आशा बढेको छ तर ऐनभित्रका अन्तरवस्तुमा भने भर्खर मात्र सरकारका तर्फबाट जारी भएको नीति तथा कार्यक्रमले झस्काएको छ।

जारी नीतिमा सामुदायिक शिक्षा सुधार गर्नका लागि संस्थागत विद्यालयले सहकार्य गर्ने भन्ने विषयले प्रविष्टि पाएको छ। यद्यपि यो बुँदा नीतिमा पहिलो पटक भने आएको होइन। यस अगाडिका नीति तथा कार्यक्रममा पनि यसै प्रकृतिका कुराहरूले प्रवेश पाउने गरेका थिए तर तिनको कार्यान्वयन भने भएको थिएन। त्यतिखेर पनि निजी विद्यालयले सामुदायिक विद्यालयलाई सघाउने भन्ने आशय झल्किँदा सामुदायिक विद्यालयका तर्फबाट विरोध भएको थियो। शैक्षिक जनशक्ति सामुदायिक विद्यालयसँग पर्याप्त हुने तर निजी विद्यालयमा सिकारुहरूले नै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिरहेको अवस्थामा संस्थागत विद्यालयका शिक्षकले सामुदायिक विद्यालयका शिक्षकलाई सिकाउने भन्ने कुराको विरोध हुनु स्वाभाविक पनि हो।

अहिलेको विरोध भने शिक्षकबाट मात्र नभएर समाजका सचेत समुदायबाट पनि हुन थालेको छ। यसको मूल कारण सामुदायिक विद्यालयप्रतिको सरकारी दृष्टिकोण स्पष्ट रूपमा आउन नसक्नुलाई लिइएको छ। राज्यका महत्वपूर्ण जिम्मेवारीमा रहेका व्यक्तिले सामुदायिक विद्यालयको स्तर बिग्रँदै गएको तर संस्थागत विद्यालयले निकै राम्रो उपलब्धि हासिल गरेको भनी आमरूपमा अभिव्यक्त गरेका कुरासमेत शङ्कालाई बढावा दिने तत्व बनेका छन्। यति मात्र होइन सामुदायिक विद्यालयका स्रोतसाधन प्रयोग गरेर संस्थागत विद्यालयले आफूलाई अझ सबल बनाउने उद्देश्यका साथ सरकारी संयन्त्रलाई प्रभाव पारी उक्त बुँदा नीति तथा कार्यक्रममा घुसाइएको हो भन्ने अड्कलबाजीसमेत भएका छन्।

शिक्षकले लामो समयसम्म गरेका आन्दोलन र सम्झौतामा उल्लेख भएका विषयवस्तुले नीतिमा प्रवेश नपाउनु तर सामुदायिक विद्यालय बर्बाद नै भएका छन् भन्ने भाष्य निर्माण गरी संस्थागत विद्यालयको सहयोग लिने भन्ने विषयले महत्व पाउनुले शिक्षक महासंघ र सरकारबिच भएका सम्झौता ऐन निर्माणका बेला परिपालना हुन्छन् भन्ने विषयमा शङ्काको घेरामा परेका छन्। पहिलेदेखि नै चर्चामा रहेको निजी लगानीमा सञ्चालन भएको कम्पनीले विद्यालय शिक्षामा दबदबा बढाउने आशयका कुरालाई समेत प्रस्तुत शिक्षा नीतिले सङ्केत गरेको छ। नियमित शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुन नसकेका वा संलग्न भए पनि उपयुक्त जनशक्तिका अभावले शिक्षण सिकाइ हुन नसकेका विषयको वैकल्पिक परिपूर्तिका लागि सरकारी संयन्त्र अन्तर्गतकै शैक्षिक जनशक्ति विकास केन्द्रले अडियो भिडियो शिक्षण सामग्री तयार गर्दै आएको छ। विज्ञ सम्मिलित कार्यदलले निर्माण गरेका यी सामग्रीहरू उपयुक्त किसिमका पनि देखिँदै आएका छन्। वैकल्पिक सिकाइका लागि यस्ता सामग्रीको प्रवर्धन गर्नु राज्यको दायित्व पनि हो। सामग्री निर्माणपछि यी सामग्रीसम्मको पहुँच सुनिश्चित गर्नका लागि स्थानीय तह, प्रदेश र केन्द्र तिनै सरकारले सक्रियता देखाउनु आवश्यक छ।

कुनै निजी कम्पनीले अडियो भिडियो कक्षाहरू निर्माण गर्ने र सरकारी संयन्त्रमार्फत ती सामग्रीको बिक्री वितरण गर्ने मनसाय स्पष्ट हुने गरी शिक्षा नीतिमा अडियो भिडियोका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने भन्ने बुँदा समावेश गरिएको छ। यसले पहिले नै ट्युसन र कोचिङ सेन्टरका रूपमा सञ्चालित संस्थाले एकाधिकार जमाएर आर्थिक उपार्जन गर्नेबाहेक अन्य उपलब्धि हासिल गर्ने देखिँदैन। एसइई परीक्षामा अनुत्तीर्ण दर घटाउने भन्ने मनसायका साथ अभिव्यक्त र सञ्चालन भएका केही क्रियाकलाप जस्तै यी पनि व्यावहारिक र शङ्कारहित बनेका छैनन्।

राज्यले पहुँचविहीन समुदायलाई केन्द्रमा राखी सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रवर्धन र सुनिश्चित गर्नु समाजवादउन्मुख मुलुकको पहिलो कर्तव्य हो। अभ्यासमा भने यो कुरा देखिएको छैन। व्यापारिक प्रतिष्ठानले आफ्नो उद्देश्य पूर्ति गर्नका लागि मात्र सरकारी निकाय र संयन्त्रलाई प्रयोग गर्ने प्रवृत्ति बढेको छ। शिक्षा नीतिमा सामुदायिक विद्यालयलाई व्यवस्थित गर्दै गुणस्तर सुनिश्चित गर्ने उद्देश्यका साथ विद्यार्थी संख्या र भूगोलका आधारमा सञ्चालनमा रहेका विद्यालयको पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने विषयले प्रवेश पाउनुपर्थ्यो। संविधानमा व्यवस्था भएको आठ कक्षासम्मको शिक्षा अनिवार्य र निःशुल्क एवं १२ कक्षासम्मको शिक्षा निःशुल्क भन्ने प्रावधानलाई कार्यान्वयन गरी संवैधानिक हकको सुनिश्चितता गर्नुपर्ने कार्यदिशा तय हुनुपर्थ्यो। नीतिमा यी कुरा आएका भए शिक्षा ऐन पनि सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने दिशामै निर्दिष्ट भएर आउँछ भन्ने कुरामा ढुक्क हुन सकिन्थ्यो तर आवश्यक र अति सामान्य तयारीबिनै शिक्षा क्षेत्रलाई कम आकलन गरेर शिक्षा नीतिमा विद्यालय तहमा धेरैथरी पाठ्यक्रम रहेका छन् भन्ने पदावलीले प्रवेश पाउँदा शिक्षा नबुझेकाहरूकै हालीमुहाली भएको कुरा प्रस्टिन्छ।

शिक्षा नीतिका विषय अनुसार बजेट र कार्यक्रम ल्याउने बेलामा सङ्कुचित घेराबाट बाहिर उठेर समग्र शिक्षा क्षेत्रलाई सुधार गर्ने मनसायका साथ असल कार्यक्रमलाई निरन्तरता र प्रभावकारी बनाउने दिशामा सक्रिय हुनु पर्छ। अहिलेसम्मको माग एक थान शिक्षा ऐन भन्ने रहे पनि शिक्षा ऐन जारी गर्ने बेलासम्म त्यसका अन्तरवस्तुमा केन्द्रित भई कसकसका माग कति पूरा भए भन्ने कुराहरू नै टड्कारो विषय बन्ने छन्। त्यसो त संस्थागत विद्यालयलाई निश्चित समयभित्र गुठीमा रूपान्तरण गर्ने भन्ने विषय अहिले पनि शिक्षा ऐनका लागि बाधक बन्ने सम्भावना रहेको छ। अनेकथरी शिक्षकका मागलाई सम्बोधन गर्दा रोजगारीका अवसरलाई सङ्कुचित नपार्ने तथा सामुदायिक विद्यालयको शिक्षा सुधार गर्नका लागि प्रतिस्पर्धी जनशक्तिलाई भित्र्याउनुपर्ने कुरालाई समेत आत्मसात् गर्नु चुनौतीको विषय हो।

सामुदायिक विद्यालय सुधारका लागि संस्थागत विद्यालयले नै टेको लगाउनु पर्छ भन्ने छैन। पछिल्लो समय धेरै सामुदायिक विद्यालय विद्यार्थी र अभिभावकका आकर्षण बनेका छन्। त्यहाँ कार्यरत शिक्षक अभिभावककै कारण ती विद्यालय उत्कृष्ट बनेका हुन्। कार्यरत शिक्षकको मनोबल कमजोर गराउने गरी संस्थागत विद्यालयका शिक्षकका माध्यमबाट सामुदायिक शिक्षा सुधार गर्ने सपना देख्नु प्रत्युत्पादक हुन सक्छ। शिक्षा ऐनमा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने कार्यक्रम अन्तर्गत योग्य जनशक्ति व्यवस्थापन एवं विद्यालय पुनर्तालिकीकरणका कुरा भने समावेश गर्नै पर्छ।

# विद्युत् नियमन आयोगसँग अपेक्षा



• नारायण ज्ञवाली

विद्युत् भन्नेबित्तिकै नेपाल विद्युत् प्राधिकरणलाई संस्थागत रूपमा जोडिन्छ। चाहे यहाँ विद्युत्को वितरण बुटवल पावर कम्पनी, सामुदायिक विद्युतीकरण, लघु जल विद्युत्मा आधारित विद्युतीकरण सबै वितरण प्रणाली र वितरण क्षेत्रलाई विद्युत् प्राधिकरणसँग जोडेर हेर्ने जनस्तरमा बुझाइ छ। हुन त नेपाल सरकारले विद्युत्सम्बन्धी व्यवसाय सञ्चालन गर्न प्राधिकरण ऐन, २०४१ मार्फत २०४२ सालमा नेपाल विद्युत् प्राधिकरण स्थापना गरी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी व्यावसायिक र सेवामूलक संस्थाको रूपमा प्राधिकरण स्थापना गरेको कुरा चर्चा गरिरहनु परेन।

नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मातहतमा रहने गरी विद्युत् उत्पादन, प्रसारण र वितरणको कामको जिम्मेवारी प्राधिकरणलाई नै दिइएको कुरा पनि अवगत गराइरहनु परेन। नेपाल सरकारले विद्युत् महसुल निर्धारण गर्न सोही प्राधिकरण ऐन, २०४१ को परिधिभित्र रही विद्युत् महसुल निर्धारण आयोग गठनसम्बन्धी व्यवस्था अन्तर्गत विद्युत् महसुल निर्धारण आयोग गठन गरी कार्य गर्दै आइरहेको थियो। पछि विद्युत् ऐन २०४९ कार्यान्वयन भई विद्युत् उत्पादन र वितरणमा निजी क्षेत्रलाई समावेश गर्ने नीति अवलम्बन भएपछि निजी क्षेत्र विद्युत् उत्पादनमा सक्रिय भएर आयो तथापि देशमा भएको सशस्त्र द्वन्द्वको कारण निजी क्षेत्रले अपेक्षा गरिए अनुसार उत्पादनको कार्यमा प्रगति गर्न सकेन।

नियामक निकाय जलस्रोत मन्त्रालय नै भएको, सरकार परिवर्तनले पटक पटक नीति परिवर्तन भइरहेको, विद्युत् महसुल निर्धारण प्राधिकरणको प्रस्ताव अनुसार सामान्य हेरफेर गर्दै निर्धारण हुने गरेको थियो। समग्र ऊर्जा क्षेत्र र विद्युत्सँग सम्बन्धित क्षेत्रलाई भरपर्दो र स्वतन्त्र प्रकृतिको नियामक निकायको आवश्यकता महसुस नभएको होइन। विद्युत् सम्बन्धित ऐनहरूसँग नबाझिने गरी विद्युत् नियमन आयोग ऐन र विद्युत् ऐन एकसाथ सरकारले संसद्मा पेस गरेको हो तर विद्युत् ऐन आजसम्म पनि यथास्थितिमै छ भने विद्युत् नियमन आयोग ऐन संसद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ। यद्यपि कतिपय दफा विद्युत् ऐनको अभावमा कार्यान्वयनमा असहजता महसुस गरिएको छ।

### विद्युत् नियमन आयोग

विद्युत् नियमन आयोग ऐनले परिकल्पना गरेको संवैधानिक सरह मान्यता पाएको स्वतन्त्र प्रकृतिको सँगै विभिन्न क्षेत्रबाट विज्ञता हासिल गरेका विज्ञहरूबाट खुला प्रतिस्पर्धाबाट छनोट हुने व्यवस्था भएको विद्युत् नियमन आयोग भरपर्दो, विश्वासिलो र स्वतन्त्र नियामक निकाय नै हो। विद्युत् उत्पादन, प्रसारण, वितरणको क्षेत्रमा नियमन गरी सामाजिक न्यायको सिद्धान्तको आधारमा यसले गर्ने स्वतन्त्र निर्णय सबै जनसरोकारका विषय हुन्छन्। सेयरसम्बन्धी नीति, ग्राहकहरूका गुनासो, सेवा प्रदायकका गुनासो, विद्युत् व्यापार सम्झौता नीति, विद्युत् महसुल विश्लेषणसहितको निर्णयलगायत नियमन क्षेत्रमा यसको अधिकार रहेको हुन्छ। आयोगको निर्णय, कार्यान्वयनको प्रभावकारिता, गुनासाहरूको शीघ्र सम्बोधन, आयोगको मूल्याङ्कनसँग जोडिएको हुन्छ। आयोगले विद्युत् नियमन आयोग ऐनले तोकेको परिधिभित्र रही नियमावली, निर्देशिका कार्यविधिको आधारमा छिटो, विश्वसनीय र सामाजिक न्यायसहितको नियामक निकायको भूमिका निर्वाह गर्न सकेमा नेपालमा जलविद्युत्को विकास, विस्तार र जल विद्युत् बाटै समृद्धि धेरै टाढा छैन। जलविद्युत् विकास र सुशासनमा आयोग एक मेरुदण्डको रूपमा रहेको छ। यसलाई आयोगबाट गरिने निर्णय र व्यवहारले पुष्टि गर्नु पर्छ।

### आयोगको ६ बर्षे यात्रा

प्रथमतः ऐनबमोजिम गठन भएको आयोग विद्युत् महसुल निर्धारण आयोगभन्दा माथि उठ्न नसकेको गुनासा जनस्तरमा नआएका होइनन्। सरकारले स्वतन्त्र प्रकृतिको आयोग भनिए तापनि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको निकायभन्दा माथि हेर्न सकेन। कतिपय पदाधिकारीको भूमिका पनि स्वतन्त्र हुन सकेन। आयोगको गठनमै विवादका कारण ढिलाइ भएको, आयोगका सदस्यले समय अवधि पूरा नहुँदै विविध कारणले राजीनामा दिएको, सरकार परिवर्तनको आयोगमा प्रत्यक्ष असर परेको, ऊर्जा मन्त्रालय, विद्युत् प्राधिकरण र आयोगको बिच समन्वय नभएको, आयोगले गर्ने नियमित कामहरू कतिपय सम्पादन गरे तापनि विवाद मुक्त हुन नसकेको, पर्याप्त कर्मचारी आयोगमा उपलब्ध नभएको, ऊर्जा, जलस्रोत एवं सिँचाइ मन्त्रालयको सिफारिसमा आयोगका पदाधिकारी सरकारबाट हटाइएको, आयोगका सदस्य डा. रामप्रसाद धितालबाट राजीनामा दिइएको, सर्वोच्च अदालतको आन्तरिक आदेशबाट पदाधिकारीहरू पुनर्बहाली भएको, सरकार, मन्त्रालय र आयोगको बिच झनै दुरी बढेको, पाँच वर्षको अवधिमा सबै पदाधिकारी पूर्ण रूपमा आयोगमा नरहेको जस्ता कारणले आयोगले अपेक्षाकृत काम गर्न नसकेको र स्वतन्त्र अस्तित्व कायम गर्न नसकेको कुरा प्रस्ट छ।

### आयोगका क्रियाकलाप

गठन प्रक्रियामै केही विवादास्पद रहेको विद्युत् नियमन आयोगलाई असहयोग गर्ने समूह क्रियाशील त छँदै थियो। आयोगले सबै पदाधिकारी र सम्बन्धित कर्मचारीसँग समन्वय गरेर काम गर्न भने चुकेकै हो। आयोगकै पदाधिकारीहरू आफ्नो पदप्रति आफैँ मर्यादित नहुनु, समन्वयकारी भूमिकामा कमी आउनुका बाबजुद पनि केही महत्वपूर्ण नियमावली, निर्देशिका, आचारसंहिता नभएका होइनन्। विद्युत् प्राधिकरणको प्रस्तावमा मात्र विद्युत् महसुल निर्धारण निर्णय हुन खोज्नु आयोगको काम पक्कै होइन। कपितपय जनअपेक्षाको सवालमा प्राधिकरण सँगसँगै बसेर यथार्थ निर्णयमा पुग्नुपर्नेमा कागज मात्र दौडाउने, विद्युत् महसुल विश्लेषणमा कमी, सामुदायिक विद्युत् महसुलमा अन्याय र अव्यावहारिक निर्णय पनि आयोगको कमजोरीका क्षेत्र हुन्। सामुदायिक विद्युत् महसुलको क्षेत्रमा गरिएको विद्युत् महसुल सम्बन्धमा आयोग र सम्बन्धित पक्षबिचको छलफलमा आयोगबाट गल्ती भएको सुधार गर्छौं भने तापनि बर्सौंसम्म यथास्थितिमा राख्नु पनि आयोगको गम्भीर कमजोरी हो। कुनै पनि नियामक न्यायिक निकायले समयमा निर्णय नदिनु पनि अन्याय हो।

### आयोगबाट जनअपेक्षा

आयोगमा पहिलो कार्यकाल समाप्त भई दोस्रो कार्य अवधि सुरु भएको छ। लामो समयसम्म ऊर्जा क्षेत्रमा विशिष्ट अनुभव हासिल गर्नुभएका र आयोगमा सदस्यको रूपमा झन्डै चार वर्ष अनुभव हासिल गरिसक्नुभएका विज्ञ डा. रामप्रसाद धिताल अध्यक्षको जिम्मेवारीमा आउनु भएको छ। नवीकरणीय ऊर्जाकै क्षेत्रमा लामो अनुभव हासिल गर्नुभएका बाह्य अनुभव पनि प्रशस्त भएका विज्ञ डा. मधुसुदन अधिकारी सदस्यको रूपमा हुनुहुन्छ। नेपाल सरकारको प्रशासन र कानुनी क्षेत्रमा विशिष्ट कर्मचारीका रूपमा कार्य गरी निवृत्त हुनुभएका कानुनविद् झमक शर्मा सदस्यकै रूपमा हुनुहुन्छ। वित्तीय क्षेत्रमा लामो अनुभव बोकेका अनुभवी व्यक्तित्व गौतम डङ्गोल सदस्यका रूपमा हुनुहुन्छ भने खानेपानी महसुल निर्धारण आयोगको सदस्यको अनुभव बोक्नुभएकी तथा आयोगमा एक कार्यकाल सदस्यको भूमिकामा रहनुभएकी, अर्थशास्त्रमा विज्ञता हासिल भागीरथी ज्ञवाली सदस्यको रूपमा हुनुहुन्छ।

यी सबै पदाधिकारी नेपाल सरकारले खुला प्रतिस्पर्धाबाट छनोट गरिएका पदाधिकारी हुन्। यी पदाधिकारीको योग्यता र क्षमतामा कति पनि प्रश्न छैन। सबै विज्ञ हुनुहुन्छ। जब सबै पदाधिकारी विज्ञ हुनुहुन्छ भने ऊर्जा क्षेत्रलाई र नियामक कार्यलाई विज्ञता अनुसारको नतिजा आउने छ भन्ने जनताको अपेक्षा हो। आयोगको कार्यक्षेत्रको सीमाभित्र रहेर सेवाप्रदायकको नियमन, सेवाग्राहीहरूको गुनासोको शीघ्र सम्बोधन, विद्युत् महसुलमा यथास्थितिभन्दा माथि उठी वैज्ञानिक विद्युत् महसुल निर्धारण, वर्षायाम र सुक्खा याममा ग्राहक वर्गमा फरक विद्युत् महसुल निर्धारण,

❖ बाँकी तेस्रो पृष्ठमा

# शिक्षामन्त्री नै महिला हिंसा पीडित ?



• मिथिला पोखरेल

पूर्व शिक्षामन्त्री विद्या भट्टराई नै महिला हिंसाबाट पीडित भएको देखेर पनि महिला पक्षधर संस्था र नेतृत्व मौन बसेको देख्दा अचम्मै लागेको छ । शिक्षक महासंघले गरेको लामो आन्दोलनका क्रममा शिक्षामन्त्रीले शिक्षक प्रतिनिधिलाई वार्तामा बोलाउनु भएछ । आउँछु आउँछु भन्दै शिक्षामन्त्रीलाई एक घण्टा कुराएर आखिरमा प्रतिनिधिमण्डल वार्तामा गएनछ । यसरी वरिष्ठ शिक्षकले नै ढाँटेको कुरा छर्लङ्ग भयो । यस्तो किन भयो भन्दा कथित ती शिक्षकहरु पुरै पुरुष मानसिकताका रहेछन् भन्ने सिदासिदी थाहा हुन्छ । तर आधा आकाश ढाक्ने भनिएका आन्दोलनकारी वरिष्ठ शिक्षिका समूहले समेतले महिला हिंसा नदेख्नु भारी अचम्म र उदेक हो । हिंसा भनेको कुटपिट,शारीरक आक्रमण मात्र होइन । मन, वचन र कर्मले हेला होचो गर्नु पनि महिला हिंसा नै हो । विकृत हाउभाउ अनुहार र आकृतिले पनि हेलाहोचो हुन्छ र गरिन्छ । मन्त्री भट्टराई आन्दोलन स्थलमा गएर पनि भेटघाट गर्नु भएको उहाँले नै बताउनु भयो । पूर्व शिक्षक र माता भएका नाताले मन्त्री विद्याले शिक्षक समुदायसित नम्र मिजास र मित्रवत् व्यवहार गर्नु तर पठित विद्वान् भनिएका गुरुका पनि गुरु अर्थात् शिक्षक महासंघका पदाधिकारीले महिला भनेर विद्यालाई उपेक्षा गरेको स्पष्ट देखियो । यसबाट शिक्षक समुदायमा महिलाहरुप्रति कतिसम्म उपेक्षा भाव रहेछ भन्ने देखिन्छ । औपचारिक शिक्षाका धेरै उच्च हैसियत र पद,ओहदा र पदोन्नति पाएपनि अधिकांश शिक्षक मानसिकरुपमा कति दरिद्र रहेछन् भन्ने छर्लङ्ग भयो । आखिर विद्या भट्टराईले नै अघि सारेका प्रस्ताव पास गरेर आन्दोलन स्थगित भयो । अनि पुरुष मन्त्री आएर मात्र जादुको छडी भएको त होइन रहेछ । विद्याप्रति भएको अन्यायका बारेमा कम्तीमा नेता अष्टलक्ष्मी शाक्यले बोलिदिनु भयो । तर महिलालाई हेप्ने सबाल पहिले पनि भएकै हो । प्रथम महिला राष्ट्रपतिलाई पदवहालीपछि लगत्तैदेखि महिला भनेर केही मानिसहरु हेलाहोचो खालको बोलिरहेको देखिन्छ । उहाँलाई एकल महिला भनेर विधवा भनेर र मदनकी श्रीमती मात्र भनेर हेपी व्यवहार गरेको देख्दा रिसको पारो तात्छ । यस्ता विषयमा एकाध एमाले नामका बौद्धिक मानव पनि देखिए । प्रसिद्ध विश्लेषक भनिएका तथानाम बोल्ने के.सी. थरि समेत विद्या भण्डारीलाई मदनकी पत्नीका रुपमा मात्र हेर्न र विश्लेषण गर्न मन पराउँदा रहेछन् । पढे, लेखेका उच्च स्तरका विद्वान् र विश्लेषक भनाउँदाको पनि यति तुच्छ व्यवहार देखिन्छ भने यसको एउटै कारण मनमस्तिष्कमा जब्बर बनेर बसेको सामन्तवाद नै हो । मन र मस्तिष्कमा सामन्तवादी चरम पछौटे चिन्तन पालेर गणतान्त्रिक चेत कसरी बन्छ र यस्ता कुराले समाजलाई अगाडि बढ्न दिँदैन । राजाका पाउमा पसारा पर्ने,राजाका खाली खुट्टा खुलेआम धुने र रैती हुन खूब मन पराउनेहरु नै महिलालाई चरम हेलाहोचो गर्दा रहेछन् । छोरासरह छोरीलाई घरमा नै समान अधिकार दिन कन्जुस्याइँ गर्नेहरु, घरमा आमालाई हेप्ने र बाबुका अगाडि चुइक्क नबोल्नेहरु महिलालाई जहाँ तहाँ हेप्ता रहेछन् । कम्तीमा समय अनुसार महिलाका सबालमा सकारात्मक चिन्तन र व्यवहार नराख्नेहरु प्रगतिशील होइनन् । जुनसुकै कार्यक्रममा महिलालाई हेला गरिएको देखिन्छ । सभा समारोहमा अतिथिहरुलाई व्याच,खादा र माला लगाइदिन मात्र महिलालाई अघि सार्ने गरिन्छ र महिला पनि यसैमा मख्ख परेको देखिन्छ । पुराण लगायत धार्मिक कार्यमा महिलालाई घैला बोकेर सडकमा हिँडाइन्छ । तर कुनै पनि धार्मिक संस्थाको अध्यक्ष सकेसम्म बनाइँदैन । सदियौँदेखिको महिलाप्रति गरिने विभिन्न खाले हिंसा अझै बाँकी रहेको छ । कमजोरी देखिनेबित्तिकै त्यसको तत्काल विरोध गर्नु पर्ने हो । तर यस विषयमा पढेलेखेका किताव समेत लेख्ने र प्रकाशन गर्ने महिलाको ध्यान गएजस्तो लाग्दैन । हामी महिला पनि पछौटे चिन्तनबाट निकै गाँजिएका छौँ । घरमा पतिले जुठा भाँडा माँझ्न खोज्दा झाडु पोछा लगाउन खोज्दा हामी कतिपय महिला नै त्यसको विरोध गर्छौं र भन्छौँ 'होइन होइन तपाई पति वा पुरुषले यो काम गर्नु हुँदैन । यो त महिलाको काम हो 'भन्छौँ । छोराछोरी संगै कलेज पढेर आएका हुन्छन् तर हामी आमाहरु नै सँगै पढेर आएकी भोकी छोरीलाई सम्बोधन गरेर नानी दाजुलाई भोक लाग्यो होला नास्ता र वा खाना देऊ भन्छौँ । हाम्रा बोलीचाली र व्यवहारका कारण दाजु वा भाइले घरकी दिदी वा वहिनीलाई हेप्दो रहेछ । पढेलेखेका र शिक्षित र डा. भएका महिलाहरुमा समेत पछौटे चिन्तन व्याप्त देखियो । डा. अरुणा उप्रेतीले एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओलीले श्रमिक दिवसका दिन घरमा पोचा लगाएको फोटोमा आफ्नो फेसबुकमा भद्दा टिप्पणी गर्नु भएको रहेछ । यो कुरा मलाई डा. पोखरेलले देखाउनु भयो र भन्नु भयो 'लु हेर विशिष्ट विद्वान् र डा. समेत भएका महिलाको चेतना ।' नभन्दै ज्ञानेन्द्र दाई वा पूर्व राजाले केही वर्षअघि खुल्ला आँगनमा तामा वा पित्तलको ठूलो थालीमा महिला दिदी बहिनीहरुलाई आफ्ना गोडा धुन लगाएको दृश्य देखियो तर यस विषयमा डा. अरुणा उप्रेतीले एक शब्द विरोध गरेको पाइएन तर एउटा जनताको प्रतिभाशाली प्रभावशाली र देश र जनताका हितमा समर्पित प्रधानमन्त्रीले पोचा लगाएकामा देखावटी स्वाङ भन्नु लज्जाजनक कुरा हो । हुन त, रातारात महिलाप्रतिका हेला होचो हटाउन सकिन्न तर प्रयत्न त गर्नु पर्छ । अझ पढेलेखेका महिलाहरुमा समय अनुसार परिवर्तित सोच त हुनु पर्ने हो नि । मुखले महिला समानता प्राप्त हुन्छ र ? अहिले म सेल्टर भन्ने किताब पढ्दैछु । यसमा महिला कमरेडहरुले पुरुषको भन्दा अत्यन्त कठिन भूमिगत जीवन बिताउनु भएको रहेछ तर पनि महिलालाई समान अवसर दिने कुरामा कतिपय पुरुष कमरेड नै बाधक देखिन्छन् । सभामुखसहितको आन्दोलनकारी शिक्षक प्रतिनिधिसित वार्ता गर्ने टीममा विद्या भट्टराईलाई किन सामेल गरिएन ? आफ्नो चेत फिर्न आफ्नै नाक भाँचिनु पर्छ क्यार । हाम्रा त घरमा नै यस्ता विषयमा छलफल हुन्छन् । एक पटक मलाई एक साँझ डा. पोखरेलले के विषयमा हो अलि कडा बचन र हाउभाउ गर्नु भयो । यसमा मैले अँध्यारो मुख लगाएछु । यस विषयले डा. पोखरेलका मनमा द्वन्द्व चलेछ । पछि उहाँले नै भनेअनुसार बद्रीविशाल र कवि बद्रीविशालका बीच सुरु मनको द्वन्द्वमा कवि मनले जितेछ र यस कवि मनले माफी माग्नु पर्छ भनेछ तर व्यक्ति बद्रीविशालले भने जे गरेको छ ठीकै छ यसमा माफसाफको कुरै छैन भनेछ । तर कवि मनले जितेपछि उहाँले त्यहीँ तत्काल निम्न लिखित कविताको दुई लाइन भन्नु भयो ।'... पितृतन्त्री ग्रन्थी ग्रसित मेरो वचनले तिमीलाई पोल्यो होला, पितृसत्ताको कुरुप दृष्टिपातले तिमीलाई घोच्यो होला , प्रिय मलाई अन्तिम पटक माफ गर' भनेर कविता सुनाउनु भयो तर भोलिदेखि फेरि उस्तै व्यवहार हुन्छ । यसैगरी एकदिन बिहानको खाना खाएर एकछिन ओच्छ्यानमा ढल्किँदा डा. पोखरेलले आफू गर्भवती भएको भान भएछ वा कवि मनमा त्यस्तो अनुभूति भएछ । त्यस बेलाको वा गर्भवती भएका घटना मलाई उहाँले सुनाउनु भयो । उहाँका अनुसार त्यस बखत उकुसमुकुस भएको सास फेर्न पनि गाह्रो भएको मुखबाट उलिक उलिक आउन लागेजस्तो भएको र दिसापिसाव पनि लागेजस्तो भएको र भुँडीमा सारै सकस भएको जस्तो भएको खपिनसक्नुको अवस्था डा. पोखरेलले बताउनु भयो र अनि आमा चाहिँ आमा नै हुन् । यति विघ्न सहेर बालबच्चा र घरबारको रेखदेख गर्नु महान् हो भन्नु भएको थियो । हरेक मानिसले अरुको पीडालाई आफ्नै पीडा हो भन्ठानेर सोच्ने हो भने मात्र समस्यालाई मसिनो रुपमा महसुस गर्न सकिन्छ । आमाहरु बेलैमा होसियार र संगठित हुन सकेनन् भने आमाले न्याय पाउँदैनन् । मन्त्री प्रधानमन्त्री र राष्ट्रपति नै भएपनि पश्चगामी चरित्र र चिन्तन नहटाएसम्म महिलाको समान हक र हैसियत कायम गर्न सकिन्न ।

( इटहरी निवासी लेखक एमाले कोशी प्रदेश सल्लाहकार हुन् । )

## रिहा हुनेबित्तिकै भानु शिवाकोटी पुनः पक्राउ

झापा(प्रस)। बैंकिङ कसूरमा पक्राउ परी रिहा हुनेबित्तिकै झापा बिर्तामोडका भानु शिवाकोटी पुनः पक्राउ परेका छन् ।

अन्जली ओभरसिजका संचालक तथा वैदेशिक रोजगार व्यवसायी संघ झापाका पूर्व अध्यक्ष शिवाकोटी बिहीवार पुनः पक्राउ परी काठमाण्डौ लगिएको जिल्ला प्रहरी



कार्यालयले जनाएको छ । बिर्तामोड- ३ का कुमार दाहालले ११ लाखको चेक बाउन्सको आरोपमा उजुरी दिएपछि शिवाकोटी आइतवार पक्राउ परेका थिए ।

उनलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको थियो । दाहालसंगको मुद्धा मिलाएर रिहा हुनेबित्तिकै काठमाण्डौका अर्का एक व्यक्तिको चेक बाउन्सको उजुरीका आधारमा पुनः पक्राउ गरी काठमाण्डौ पठाइएको डीएसपी खगेन्द्र खड्काले जानकारी दिए । शिवाकोटी यसअघि पनि चेक बाउन्सको आरोपमा काठमाण्डौमा पक्राउ परेका थिए ।

## ओखलढुङ्गा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा



झापा(प्रस)। ओखलढुङ्गालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । राष्ट्रिय खोप कार्यक्रम तालिकाअनुसार जिल्लाका बालबालिकाले पाउनुपर्ने सम्पूर्ण खोप लगाइसकेको सुनिश्चितता गरिएसँगै पूर्णखोप जिल्ला घोषणा गरिएको हो । कोशी प्रदेशका १४ जिल्लामध्ये यस वर्ष पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गर्ने ओखलढुङ्गा पहिलो जिल्ला बनेको छ । जिल्ला स्वास्थ्य कार्यालय प्रमुख अहमद मन्सुरीका अनुसार जिल्लाका आठ वटै पालिकाका ७५ वटै वडामा १६ देखि ५९ महिना उमेर समूहका कूल तीन हजार १४० जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार पूर्णखोप पाइसकेपछि पूर्णखोप जिल्ला घोषणा गरिएको हो ।

यस्तै जन्मेदेखि १५ महिना उमेर समूहका एक हजार ६८४ जना बालबालिकाहरुले पनि उमेर अनुसार नियमिति खोप पाइसकेका छन् । जन्मदेखि १५ महिनासम्मका बालबालिका सिद्धिचरण नगरपालिकामा ३१९, चिशंखुगढीमा १६५, मानेभञ्ज्याङमा ३१९, मोलुङमा १५३, सुनकोशीमा २६७, चम्पादेवीमा १७२, लिखुमा १३१ र खिजीदेम्बामा १५८ जना छन् । १६ देखि ५९ महिना उमेरका बालबालिका सिद्धिचरणमा २४१, चिशंखुगढीमा १२८, मानेभञ्ज्याङमा ८५१, मोलुङमा ५०८, सुनकोशीमा ४३६, चम्पादेवीमा ६०८, लिखुमा २८१ र खिजीदेम्बामा ९७ जना छन् ।

जिल्लाका सबै बालबालिकाले खोप पाएको सूनिश्चितता भएकोले जिल्ला स्वास्थ्य प्रमुखको प्रस्ताव अनुसार जिल्ला खोप समन्वय प्रमुख एवम् समिति संयोजक टेकराज भट्टाईले पूर्ण खोप सुनिश्चितता तथा दिगोपना भएको जिल्ला घोषणा गरेका हुन् । जिल्ला समन्वय समितिका प्रमुख भट्टराईले पूर्ण खोप सुनिश्चिततालाई दिगोपना दिनुपर्ने र खोप कार्यक्रमलाई जनस्तरमा जागरणका रुपमा लैजानुपर्ने बताएका छन् ।

घोषणा कार्यक्रमको अवसरमा अभियानमा सक्रियतापूर्वक सहभागी हुने स्वास्थ्यकर्मी र पालिकालाई प्रशंसापत्रले सम्मान गरिएको छ । एकपटक पूर्णखोप घोषणा गरिसकेपछि हरेक वर्ष नयाँ थपिने बालबालिकाहरूले समेत खोपको मात्रा पूरा गरेको सुनिश्चित गरेर मात्र सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने गरिन्छ । कार्यक्रमको अवसरमा पालिकाका स्वास्थ्य शाखाहरुले खोपसम्बन्धी कार्य प्रगति प्रतिवेदन र भइरहेका कामबारे प्रस्तुतिकरण दिएका थिए ।

## लोकतन्त्रवादी याक्थुङ संघको अधिवेशन जेठ ७ मा

बिर्तामोड(प्रस) । नेपाल लोकतन्त्रवादी याक्थुङ (लिम्बू) संघको जिल्ला अधिवेशन यही जेठ ७ गते विर्तामोडमा हुने भएको छ ।



नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा पार्टीका पदाधिकारी, क्षेत्र, प्रदेशसभा क्षेत्र, गाउँ/नगर समितिका सभापतिहरुको संयुक्त बैठकले जेठ ७ गते अधिवेशन गर्ने निर्णय गरेको हो । नेपाल लोकतन्त्रवादी याक्थुङ (लिम्बू) संघ नेपाली कांग्रेसको भ्रातृ संस्था हो ।

बैठकले अधिवेशन सम्पन्न गर्नका लागि नेपाली कांग्रेस झापाका सदस्य धर्म लक्सम्बाको संयोजकत्वमा १५ सदस्यीय जिल्ला अधिवेशन तयारी समिति गठन गरेको छ । समितिको सदस्यहरुमा रतन थिङलावो, दिलकुमार नेम्बाङ, रमा लिम्बू, हर्क फियाक, राधा सुब्बा, मोहन माबो, मणिकुमार लिम्बू, मित्र साँवा, मुकेश लिम्बू, शेरबहादुर मादेन, अम्बर आङदेम्बे, सूर्य कन्दङ्वा, लक्ष्मी लिम्बू फुरुम्बोलगायत रहेका छन् ।

बैठकले पार्टीका क्षेत्र, प्रदेशसभा क्षेत्र, गाउँ/नगर, वडा समितिमा विभिन्न कारणले रिक्त रहेको पदपूर्ति गर्ने निर्णय गरेको सचिव कृष्ण हुमागाईले जानकारी दिए ।

बैठकमा उपसभापतिद्वय शेरबहादुर भट्टराई, केशवराज पाण्डे, सचिव कृष्ण हुमागाईं, सहसचिवद्धव कमल भण्डारी, कालेन्द्रप्रसादसिंह राजवंशी कोषाध्यक्ष जलकुमार गुरुङ, पूर्व सचिव प्रेम सम्बाहाम्फे, क्षेत्रीय सभापतिहरु इन्द्र बुढाथोकी, गणेश पोखरेल, जयनारायण शाह, महाधिवेशन प्रतिनिधि टिकाराज ढकाल, पार्टीको आर्थिक विभागका सदस्य मोहन निरौला, अजय साहेवाला, प्रदेशसभा क्षेत्रीय सभापति, गाउँ/नगर सभापति लगायतको सहभागिता रहेको कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिएका छन् ।

### विद्युत् ...

आयातित पेट्रोलियम पदार्थलाई न्यूनीकरण गर्न खाना पकाउन प्रयोग हुने गार्हस्थ वर्गको विद्युत्मा सहुलियत दर, विद्युत् महसुलका स्ल्याप धेरै र ग्राहकहरू आफ्नो बिलमा सधैँ शङ्कालु मन बनाउने प्रकृतिको स्ल्याप बदली ग्रामीण क्षेत्र, सहर क्षेत्र र उद्योगलाई समेटी स्ल्याप कम गर्ने, विद्युत् मिटर जडान गर्दा सेवा शुल्क लिने अन्यथा हरेक महिना सेवा शुल्क हटाई ऊर्जा शुल्क मात्र लिने, विद्युत् महसुलमा लाग्ने विलम्ब शुल्क कमी गर्ने जस्ता विषय जनअपेक्षा रहेका छन् ।

यी जनसरोकारका अपेक्षामा सम्बोधन गर्न आयोगले अध्ययन बढाउन आवश्यक हुन्छ । प्राधिकरणको संस्थागत सुधार गर्दै आमउपभोक्ताको हितमा आयोगका निर्णय मोडिनु पर्छ । आयोगका पदाधिकारीहरूले आफ्नो कामबाटै विज्ञता प्रमाणित गर्न सक्नु पर्छ । आयोगको व्यवहारले हरेक निर्णयको कार्यान्वयनमा सुशासनको मार्ग र मर्म खोज्दै स्वतन्त्र आयोगको रूपमा आफ्नो भूमिकालाई अब्बल बनाउन सक्नु पर्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क**:
**फोन**: ०२३-५४०४७८
**मो**: ९८५२६७७३५५
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।